# स्थानीय राजपत्र

सूर्यविनायक नगरपालिकाद्वारा प्रकाशित

खण्ड ७) कटुञ्जे, भक्तपुर माघ ०४ गते, २०८० साल (संख्याः ०३

## भाग १

## स्थानीय सरकार

# सूर्यविनायक नगरपालिका

कटुञ्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल

## सूर्यविनायक नगरपालिका नगरकार्यपालिकाको कार्यालयको सूचना

सूर्यविनायक नगरपालिका नगरसभाले बनाएको तल लेखिए बमोजिमको सूर्यविनायक नगर खेलकुद व्यवस्थापन ऐन, २०८० सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८० सालको ऐन नं. ०३

# सूर्यविनायक नगर खेलकुद व्यवस्थापन ऐन, २०८०

# सूर्यविनायक नगर खेलकुद व्यवस्थापन ऐन, २०८०

**प्रस्तावना :**

खेलकुदको माध्यमबाट स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई नगरमा अनुशासन र सामाजिक सद्भाव कायम राखी सु-संस्कृत समाजको निर्माण गर्न, नागरिकमा श्रमप्रति सम्मानभाव ल्याउन, परिवर्तनप्रति सचेत स्वस्थ एवम् अनुशासित नागरिकको पहिचान वनाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने खेलाडीहरु उत्पादन गरी नगरको प्रतिष्ठा बढाउन सक्ने नागरिक तयार गर्न खेलकुद क्षेत्रको विकास गर्न वाञ्छनीय भएकोले सुर्यविनायक नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो ऐनको नाम "सुर्यविनायक नगरपालिकाको नगर खेलकुद व्यवस्थापन ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अथ नलागेमा यस ऐनमा,

(क) ऐन भन्नाले "सुर्यविनायक नगरपालिकाको नगर खेलकुद व्यवस्थापन ऐन, २०८०" सम्झनुपर्छ ।

(ख) "समिति" भन्नाले दफा ४ बमोजिमको गठित नगर खेलकुद विकास समिति सम्झनु पर्छ ।

(ग) "संस्था" भन्नाले नगरपालिकामा तोकिए बमोजिम दर्ता भएका सुर्यविनायक नगर क्षेत्र भित्रका खेलकुद संघसंस्थाहरु सम्झनु पर्छ ।

(घ) "खेलाडी" भन्नाले टिम, क्लब, संघसंस्थासंग सम्बद्ध खेलाडी सम्झनु पर्छ ।

(ङ) "प्रशिक्षार्थी" भन्नाले नगर खेलकुद विकास समितिद्वारा संञ्चालित खेलकुद प्रशिक्षकमा सहभागी खेलाडी, टिम, क्लब, संघसंस्थामा आबद्ध सिकारु खेलाडी सम्झनु पर्छ ।

(च) "प्रशिक्षक" भन्नाले नगरपालिकाद्वारा संञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षण, टिम, क्लब, संघसंस्था खेल प्रशिक्षण समितिमा सम्बद्ध विषयगत खेलकुद शिक्षक भन्ने सम्झनु पर्छ ।

(छ) "नगरपालिका" भन्नाले सुर्यविनायक नगरपालिकालाई सम्झनु पर्छ ।

(ज) “कार्यपालिका” भन्नाले सुर्यविनायक नगरपालिका नगरकार्यपालिकालाई सम्झनु पर्छ ।

(झ) “प्रमुख” भन्नाले सुर्यविनायक नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(ञ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले सुर्यविनायक नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ट) “पदाधिकारी सदस्य” भन्नाले नगर खेलकुद विकास समितिको सदस्यलाई सम्झनु पर्छ ।

(ठ) “विज्ञ” भन्नाले खेलकुदको क्षेत्रमा क्रियाशिल भै जिल्ला प्रदेश वा राष्ट्रिय स्तरमा पहिचान बनाएको व्यक्तीलाई जनाउनेछ ।

## परिच्छेद–२
## नगर खेलकुद विकास समितिको गठन र सञ्चालन

३. **समितिको गठन** : (१) खेलकुदको क्षेत्रमा क्रियाशिल र ख्याति प्राप्त व्यक्ति मध्येवाट नगर कार्यपालिकाले देहाय बमोजिमको पदाधिकारी रहने गरी नगरपालिकामा एक नगर खेलकुद विकास समिति गठन गर्न सकिनेछ ।

(क) नगर प्रमुख वा नगरप्रमुखले तोकेको नगरकार्यपालिका सदस्य

(ख) सामाजिक विकास समितिको संयोजक

(ग) नगर कार्यपालिकाको सदस्य मध्येबाट कार्यपालिकाले तोकेको कम्तिमा एक महिला सहित दुईजना

(घ) नगरक्षेत्रका खेलकुद क्षेत्रको विज्ञ वा ख्यातिप्राप्त खेलाडीहरु मध्येबाट नगर कार्यपालिकाले तोकेको व्यक्ति २ जना

(ङ) परिच्छेद ४ बमोजिम गठित संस्थाका अध्यक्षहरु मध्येबाट समितिले तोकेको दुईजना

(च) प्रमुख प्रशासकीय अधिकृतले तोकेको शिक्षा युवा तथा खेलकुद शाखाको अधिकृत स्तरको कर्मचारीः

(२) खण्ड (घ) र (ङ) बमोजिम मनोनित पदाधिकारीको पदावधी तीन बर्षको हुनेछ । निजको पुनःनियुक्ति हुन सक्नेछ ।

(३) खण्ड (घ) र (ङ) बमोजिमका पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिइ अलग हुन सक्नेछन् ।

(४) समितिका कुनै मनोनित सदस्यको कार्यसम्पादन सन्तोषजनक नदेखिएको भनी नगर कार्यपालिकाले ठहर गरेमा दफा ३ को “घ” र “ङ” बमोजिम नियुक्त सदस्यलाई जुनसुकै बखत पदवाट हटाउन सक्नेछ।

(५) समितिले समितिको कुनै सदस्यको संयोजकत्वमा आवश्यकता बमोजिम विषयगत खेलकुद समिति गठन गर्न सक्नेछ।

(६) विषयगत समितिको जिम्मेवारी समितिको सिफारिसमा नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

४. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(ख) खेलकुद प्रतियोगिताहरुको वार्षिक कार्ययोजना तयार गरी कार्यक्रमहरुको आयोजना, संचालन तथा व्यवस्थापन गर्ने, गराउने।

(ग) जिल्ला, स्थानीय/प्रदेश राष्ट्रिय/अन्तराष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगिताहरुमा नगरपालिकाको प्रतिनिधित्व गर्ने गराउने।

(घ) नगर खेलकुद विकास समितिको बैठक बस्न नसकेको अवस्थामा नगरपालिकामा गर्नु पर्ने सम्पूर्ण सिफारिसहरु गर्ने।

(ङ) खेलकुद क्षेत्रको योजनाबद्ध विकास र सम्बर्द्धन गर्ने।

(च) संघ तथा प्रदेश सरकार तथा अन्य खेलकुदसँग सम्वन्धित संघ संस्थासँग समन्वय र सहकार्य गर्ने।

(छ) खेलकुद क्षेत्रका वार्षिक बजेट योजना तथा कार्यक्रम तर्जुमा गरी नगर कार्यपालिकामा पेश गर्ने।

(ज) नगरपालिका वा नगर सभाले स्वीकृत गरेका कार्यक्रमहरु संचालन गर्ने गराउने।

(झ) खेलकुद क्षेत्रका प्रतियोगिताहरु आयोजना गर्न सहयोग गर्ने।

(ञ) खेलाडी, प्रशिक्षक, निर्णायकहरुलाई तालिम गराउने, प्रतियोगिताहरुमा सहभागी गराउने।

(ट) विद्यालय स्तरमा छलफल तथा अन्तरक्रिया गरी खेलकुद क्रियाकलाप संचालन गराउने।

(ठ) खेलकुद क्षेत्रमा क्रियाशील व्यक्तिहरुलाई सम्मानित, पुरस्कृत गर्न सिफारीस गर्ने।

(ड) खेल र खेलकुद क्षेत्रको अध्ययन अनुसन्धान, प्रकाशन गर्ने र खेलाडी, प्रशिक्षक, व्यवस्थापकहरुको बारेमा कृति प्रकाशन गर्ने।

(ढ) खेलकुद क्षेत्रको विकासको लागि भौतिक निर्माण, कवर्डहल ,खेल मैदान, खेलाडी उत्पादन, प्रशिक्षक तथा निर्णायक व्यक्ति उत्पादन र स्तर वृद्धिको योजना बनाई नगरपालिकामा पेश  गर्ने ।

(ण) वडासम्म खेलकुद विकास गर्न वडास्तरमा वडाध्यक्षको संयोजकत्वमा खेलकुद समिति गठन र कार्यक्रम संचालन गर्ने ।

(त) तोकिएका अन्य कार्य गर्ने ।

५. **अध्यक्षको जिम्मेवारी** : (१) नगर खेलकुद समितिको बैठकको अध्यक्षता गर्ने र निर्णय कार्यानवयन गराउने मुख्य जिम्मेवारी अध्यक्षको हुनेछ ।

६. **सदस्य सचिवको काम, कर्तव्य र अधिकार** : समितिको सदस्य सचिवको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

क) समितिको प्रशासनिक प्रमुखको रुपमा कार्य गर्ने ।

ख) समितिलाई नीतिगत रुपमा सरसल्लाह प्रदान गर्ने ।

ग) समितिको निर्णय कार्यान्वयन गर्ने ।

घ) निर्णयानुसार समितिको कार्यक्रम तथा बजेट संचालन गर्ने ।

ङ) बैठकको पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय किताबको सुरक्षा गर्ने र अध्यक्षको आदेशानुसार बैठकको लागि आवश्यक विषय सूची र सामाग्री जुटाउने ।

च) तोकिए बमोजिमका अन्य काम गर्ने ।

## परिच्छेद-३
## खेलकुद व्यवस्थापन

७. **खेलकुद प्रतियोगिताको व्यवस्थापनः** समिति आफैले वा नगरपालिकाले दर्ता भएका संस्थाहरु मार्फत विभिन्न खेलकुद प्रतियोगिता संचालन गर्न वा गराउन सक्नेछ ।

८. **सल्लाहकार समितिको गठनः** समितिले नगर प्रमुख संगको परामर्शमा आवश्यकता अनुसार सल्लाहकार समितिको गठन गर्न सक्नेछ ।

## परिच्छेद-४
## खेलकुद क्षेत्रका संस्थाहरुको दर्ता र व्यवस्थापन

९. **दर्ता गर्नु पर्ने** : (१) नगरपालिका भित्र खेलकुदका गतिविधि सञ्चालन गर्न चाहने समूह, क्लव, टीम वा संस्थाले प्रचलित स्थानीय कानुन बमोजिम नगरपालिकामा संस्था दर्ता  तथा नवीकरण गर्नु पर्नेछ ।

(२) संस्था दर्ता नगरी खेलकुदका गतिविधि गर्न पाईने छैन ।

(३) दर्ताका पूर्वशर्तहरु समितिले तोके बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम दर्ता भएका संस्थाहरुले आफ्नो संस्थाको बार्षिक कार्ययोजना र बार्षिक प्रगति प्रतिवेदन समिति समक्ष पेश गर्नु पर्नेछ ।

१०. **अनुमति लिनुपर्ने** : संस्थाले जुनसुकै प्रतियोगिता सञ्चालन गर्नु भन्दा अगाडी समितिबाट अनुमति लिनु पर्नेछ ।

(२) अनुमतिको प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

११. **संघ गठन गर्न सक्ने** : नगरक्षेत्रमा दर्ता भएका संस्थाहरुले सम्वन्धित विषयक्षेत्रको नगरस्तरीय संघ गठन गर्न र गठित संघ मार्फत प्रदेश वा राष्ट्रिय स्तरका विषयगत संघ महासंघमा आवद्धता जनाउन सक्नेछन् ।

१२. **साझेदारी** : (१) दर्ता भई समितिबााट स्वीकृत लिएका संस्थाहरुले नगर खेलकुद क्षेत्रको प्राथमिकता र उद्देश्य अनुसार खेलकुद प्रतियोगिता संचालन गरेमा त्यस्ता संस्थाहरुसँग  उपलब्ध बजेट सिमा भित्र रही समितिको निर्णय बमोजिम कार्यक्रम सञ्चालनमा साझेदारी गर्न सक्नेछ ।

(२) नगरको विशेष पहिचानमा योगदान पुऱ्याउने प्रकृतिका प्रतियोगिता भएको समितिले ठहर गरेमा थप सहयोगका लागि नगर कार्यपालिका समक्ष सिफारिस गर्न सक्नेछ ।

## परिच्छेद–६

## खेलकुद कार्यक्रम संचालन तथा व्यवस्थापन

१३. **कार्यक्रम सञ्चालनः** समितिले नगरकार्यपालिकासँगको परामर्शमा देहाय बमोजिमका कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

क) राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलाडी, प्रशिक्षक टीमहरुलाई आमन्त्रण गरी स्थानीय खेलाडीहरुको क्षमता विकास

ख) खेलकुद विकासको लागि सभा, सम्मेलन, गोष्ठी, कार्यशालाको आयोजना ।

ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अनतराष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी वा प्रशिक्षकको सम्मानमा बधाई तथा अभिनन्दन ।

घ) संस्थाका प्रतिनिधि हरुको क्षमता विकास ।

ङ) नगरस्तरीय विषयगत खेलकुद कार्यक्रम ।

१४. **खेलकुद प्रतियोगितामा सहभागिता** : (१) अन्य स्थानीय तह, प्रदेश तह वा राष्ट्रिय स्तरका खेलकुद प्रतियोगितामा समितिले नगरका संघ संस्था वा विद्यालय, कलेजलाई सहभागी गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सहभागिता गराउँदा समितिले तोके बमोजिम सुविधाहरु उपलव्ध गराउन सक्नेछ ।

१५. **पोशाक तथा संकेत चिन्ह निर्धारण** : खेलकुदको नगरस्तरीय पहिचान कायम गर्न समितिले नगरकार्यपालिकाको स्वीकृति लिई नगर क्षेत्रभित्र विभिन्न खेलकुद तथा खेलाडीको लागि पोशाक तथा संकेत चिन्हको निर्धारण तथा व्यवस्थापन गर्न सक्नेछ ।

१६. **नगरस्तरीय खेलकुद** : (१) समितिले आवश्यकता र स्रोतको उपलव्धताको आधारमा प्रत्येक वर्ष नगरस्तरीय, वडास्तरीय वा विद्यालयस्तरीय खेलकुद प्रतियोगिताहरुको आयोजना गर्न सक्नेछ ।

(२) समितिले संघ तथा प्रदेश सरकारका नियमित बार्षिक कार्यक्रम अन्तर्गतका खेलकुद प्रतियोगिताहरु सञ्चालन गर्नु/गराउनु पर्नेछ ।

## परिच्छेद–७
## तालिम तथा प्रशिक्षण व्यवस्थापन

१७. **तालिम तथा प्रशिक्षण** : (१) समितिले खेलकुद विकास र खेलाडीको स्तरवृद्धि गर्नका लागि आवश्यकतानुसार विभिन्न खेलहरुको नगरपालिका स्वयं वा कुनै प्रशिक्षण संस्था मार्फत तालिम र प्रशिक्षणको व्यवस्था गर्नेछ ।

(२) प्रशिक्षार्थीहरुले प्रशिक्षणमा समावेश हुन चाहेमा आफू आवद्ध संस्थामार्फत सम्बन्धित वडा समितिको सिफारिस सहित समितिमा तोकिएबमोजिम आवेदन दिन सक्नेछ ।

(३) प्रशिक्षण शुल्क समितिको सिफारीसमा नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(४) प्रशिक्षणका लागि आवश्यक सामाग्रीको प्रवन्ध सम्वन्धी व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१८ **प्रशिक्षकको व्यवस्था** : (१) समितिले नगरकार्यपालिकाको स्वीकृतिमा कुनै खेलकुद आयोजनाभर वा प्रशिक्षणको अवधीभर वा नियमित रुपमा विभिन्न खेलप्रशिक्षकको प्रवन्ध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त भएका खेल प्रशिक्षकको सेवा शर्त र सुविधा नगर कार्यपालिकाले निर्धारण गरेबमोजिम हुनेछ ।

## परिच्छेद–८
## नगर खेलकुद विकास कोष

१९. **कोषको व्यवस्थाः** (१) खेलकुद सम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापकका लागि नगरपालिकामा एक नगर खेलकुद विकास कोष रहनेछ ।

(२) कोषका श्रोतहरु देहाय बमोजिम हुनेछ :

(क) नगरपालिकाले वार्षिक बजेटबाट विनियोजित रकम

(ख) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम

(ग) विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम,

(घ) खेल प्रशिक्षण कार्यक्रम सञ्चालनबाट प्राप्त रकम

(च) अन्य संघ संस्थाबाट प्राप्त रकम

(छ) कार्यक्रम सञ्चालन साझेदारी रकम

(ज) प्रचलित कानून बमोजिम अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त सहयोग

(३) कोषको संचालन लेखा राख्ने तथा लेखापरीक्षण सम्वन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(४) कोषको सञ्चालन समितिको निर्णयानुसार हुनेछ ।

(५) कोषको रकम खेलकुद पूर्वाधार निर्माण, मर्मत सम्भार सञ्चालन, खेलकुद गतिविधि संचालन, खेलकुद प्रशिक्षण, सामाग्री व्यवस्थापन तथा समितिको प्रशासनिक कार्यमा उपयोग गरिनेछ ।

## परिच्छेद–९
## खेलकुद पूर्वाधार निर्माण तथा मर्मत

२०. **खेलकुद पूर्वाधार** : (१) नगरक्षेत्रभित्र देहाय बमोजिमा खेलकुद पूर्वाधारहरु रहनेछन्

(क) रंगशाला, खेलग्राम

(ख) नगरस्तरीय वडास्तरीय र विद्यालय स्तरीय खेलमैदान

(ग) कभर्डहल

(घ) व्यायामशाला

(ङ) खेलकुद प्रशिक्षण केन्द्र

(छ) समितिले तोकेका अन्य खेल पूर्वाधारहरु

(२) समितिले नगरक्षेत्रभित्र खेलकुद पूर्वाधारहरुको निर्माणस्थलको पहिचान गरी अभिलेख तयार गर्नुपर्नेछ ।

(३) पहिचान भएका खेल पूर्वाधारहरुको निर्माणका लागि समितिले आवश्यक पहल गर्नेछ । स्रोत व्यवस्थापनका लागि नगरकार्यपालिका मार्फत संघ तथा प्रदेश सरकार, अन्य विकास साझेदार र राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुसँग समन्वय गर्नेछ ।

२१. **पूर्वाधार निर्माणमा सार्वजनिक निजी साझेदारी** : खेलकुद पूर्वाधारहरुको निर्माण तथा सञ्चालनमा नगरपालिकाले तोके बमोजिम सार्वजनिक निजी साझेदारीका आधारमा निर्माण तथा पुर्नः निमार्ण गर्न सक्नेछ ।

२२. **खेलकुद संरचनाहरुको मर्मत सम्भारः** (१) निर्मित संरचनाहरुको सञ्चालन र मर्मत सम्भारमा समितिको सिफारिसमा नगरकार्यपालिकाले आवश्यक प्रवन्ध गर्नेछ ।

(२) समितिको सिफारिस बमोजिम कार्यपालिकाले तोकेका शर्तहरुको अधीनमा रही संरचनाहरुको सञ्चालन र मर्मतसम्भारको जिम्मेवारी नगरक्षेत्रका खेलकुद संस्थाहरु वा संघहरुलाई दिन सकिनेछ ।

## परिच्छेद–१०

## अनुशासनको कारवाही, दण्ड, सजाय र पुरस्कार

२३. **अनुशासनको कारवाही** : (१) खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापक समेतले विषयगत खेलको प्रचलित आचारसंहिता पालना गरी खेल अनुशासनमा रहनु पर्नेछ ।

(२) कसैले अनुशासन र आचारसंहिताको उल्लंघन गरेमा सम्वन्धित विषयगत समितिले पहिलो पटकलाई चेतावनी दिन सक्नेछ ।

(३) एक वर्षमा तीन पटक भन्दा बढी चेतावनी पाई सकेका खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी वा व्यवस्थापकलाई बढीमा एक वर्षसम्म कुनै पनि खेलकुद प्रतियोगिता, प्रशिक्षण वा व्यवस्थापनमा सहभागी हुन नपाउने गरी सम्वन्धित विषयगत समितिको सिफारिसमा समितिले निलम्बन गर्न सक्नेछ ।

२४. **पुरस्कार सम्मान** : वर्ष भरीका उत्कृष्ट खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई नगर खेलकुद समितिको सिफारीसमा नगर कार्यपालिकाबाट पुरस्कार तथा सम्मान गर्न सक्नेछ ।

## परिच्छेद–१२
## विविध

२६. समितिका सदस्यहरुको बैठक भत्ता तथा अन्य सुविधा समितिका सदस्यहरुले वैठक वसेको दिनको नियमानुसार वैठक भत्ता सुविधा सम्वन्धि व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

२७. नियम बनाउने अधिकार यो ऐनको कार्यान्वयन गर्न नगरकार्यपालिकाले आवश्यक नियम कार्यविधि तथा मापदण्डहरु बनाउन सक्नेछ ।

प्रमाणीकरण मितिः २०८०।१०।०३

आज्ञाले,
(तारानाथ लुइटेल)
प्रमुख प्रशासकीय अधिकृत